# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित .

काठमाडौं, श्रावण १६ गते २०१८ साल


श्री ५ को सरकार

### अर्थ, आर्थिक कार्य विषय मन्त्रालयको सूचना

विभिन्न देशबाट श्री ५ को सरकारलाई प्राप्त भैरहेको र कुनै आर्थिक प्राविधिक तथा अरू सहायताको राम्रो समन्वय गर्न निम्नलिखित एक उच्चस्तरीय समितिको गठन गर्ने श्री ५ को सरकारले मिति ०१८।२।३१।३ मा निर्णय गरेको छ।

(१) उपाध्यक्ष, राष्ट्रिय योजना परिषद् तथा मन्त्री अर्थ तथा आर्थिक कार्य विषय मन्त्रालय — अध्यक्ष

(२) श्री सचिव, राष्ट्रिय योजना परिषद् — सदस्य

(३) श्री सचिव, अर्थ तथा आर्थिक कार्य विषय मन्त्रालय — सदस्य

(४) श्री सचिव, परराष्ट्र मन्त्रालय — सदस्य

(५) श्री अर्थ नियन्त्रक — सदस्य

श्री समितिको काम निम्नलिखित अनुसार हुनेछः–

(क) श्री ५ को सरकारलाई उपलब्ध वैदेशिक सहायता सम्बन्धी कामको समन्वय गर्न आवश्यक कारवाइ गर्नु,

(ख) सहायता प्रदान गर्ने सरकारका प्रतिनिधिसित कुराकानी चलाउन कुनै व्यक्ति वा व्यक्तिहरूलाई मनोनीत गर्नु,



343

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वैदेशिक सहायता बारे आवश्यक कारवाइ गर्न मन्त्रिपरिषद् र राष्ट्रिय योजनापरिषद्मा सुझाव पेश गर्नु ।

आज्ञाले—

यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव

अर्थ, आर्थिक कार्य विषय मन्त्रालय ।

३५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।